बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA. PA.-7
P.O. BOXNO 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

बीमा समिति-२०४९ Insurance Board-1992

मिति : २०७१/०६/१०

वि.वि.शा.७७(२०७१/७२) च.न.८३८

१. श्री नेपाल ईन्स्योरेन्स कम्पनी लिमिटेड
२. श्री दि ओरिएण्टल ईन्स्योरेन्स कम्पनी लिमिटेड
३. श्री राष्ट्रिय बीमा संस्थान
४. श्री नेशनल ईन्स्योरेन्स कम्पनी लिमिटेड
५. श्री नेशनल लाईफ इन्स्योरेन्स कं.लि.
६. श्री हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड
७. श्री यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लिमिटेड
८. श्री प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
९. श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड
१०. श्री नेको इन्सुरेन्स लिमिटेड
११. श्री सगरमाथा इन्स्योरेन्स कं.लि.
१२. श्री एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेड
१३. श्री एन. बि. ईन्सुरेन्स कम्पनी लिमिटेड
१४. श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
१५. श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.
१६. श्री मेट लाइफ (ALICO)
१७. श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड
१८. श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
१९. श्री लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
२०. श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
२१. श्री सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
२२. श्री एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
२३. श्री गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
२४. श्री सुर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
२५. श्री प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
२६. श्री राष्ट्रिय बीमा कम्पनी लिमिटेड

विषय : ***लगानी नीति बारे।***

समितिको मिति २०७१/०५/१६ को बैठक नं.९३६ बाट जीवन तथा निजीवन बीमा व्यवसाय गर्ने बीमकहरुको लागि लगानी नीतिमा परिमार्जन गरी संलग्न बमोजिमको लगानी नीति कायम भएको ब्यहोरा आवश्यक कार्यार्थ निर्णयानुसार जानकारी गराइन्छ।

**संलग्न** : उपरोक्तानुसारको पाना -१

(दिनेश कुमार लाल)
उप-निर्देशक

## निर्जीवन बीमा व्यवसाय संचालन गर्ने बीमकहरुको लागि तोकिएको लगानी क्षेत्र र त्यस्तो क्षेत्रमा बीमकहरुले लगानी गर्न सक्ने गरी तोकिएको प्रतिशत

| लगानीको वर्ग | लगानीको क्षेत्र | लगानीको प्रतिशत | कैफियत |
|---|---|---|---|
| 'क' वर्ग | नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको २०% मा नघट्ने गरि 'क' वर्गमा लगानी गरिएको हुनु पर्नेछ । | |
| 'ख' वर्ग | (१) वाणिज्य बैंकको मुद्दती निक्षेप तथा अल्पकालिन लगानी । | (१) कुल लगानी रकमको ३५% मा नघट्ने गरि बाणिज्य बैंकको मुद्दती निक्षेप तथा अल्पकालिन लगानीमा लगानी गरिएको हुनु पर्नेछ । | (१) कम्तिमा ५ बर्षसम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई घटिमा ३ वर्षसम्म नाफामा रहेको बाणिज्य बैंकमा कुल लगानी रकमको बढिमा १५% सम्म र संचालनमा आएको ५ वर्ष नपुगेका बाणिज्य बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा ५% सम्म एउटै बाणिज्य बैंकको मुद्दती निक्षेप तथा अल्पकालिन लगानीमा लगानी गर्न सकिनेछ । |
| | (२) विकास बैंकको मुद्दती निक्षेप । | (२) कुल लगानी रकमको १५% मा नबढ्ने गरि बिकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । | (१) कम्तिमा ५ बर्षसम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई घटिमा ३ वर्षसम्म नाफामा रहेको विकास बैंकमा कुल लगानी रकमको बढिमा ५% सम्म र संचालनमा आएको पाँच वर्ष नपुगेका विकास बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा २% सम्म एउटै विकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । |
| | (३) नागरिक लगानी कोषको एकांकी नागरिक लगानी योजना वा सामुहिक लगानी कोषमा गरिएको लगानी । | (३) नागरिक लगानी कोषको एकांकी नागरिक लगानी योजना वा सामुहिक लगानी कोषमा कुल लगानी रकमको ५% मा नबढ्ने गरि लगानी गर्न सकिनेछ । | |
| (क+ख) | माथि तोकिए बमोजिम । | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको ६५% मा नघट्ने गरि अनिवार्य रुपमा (क+ख) वर्गमा लगानी गर्नु पर्नेछ । | |
| 'ग' वर्ग | (१) वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयरमा (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिबेन्चर र ऋणपत्रहरु । | (१) कुल लगानी रकमको १०% मा नबढ्ने गरि वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिबेन्चर र ऋणपत्रहरुमा लगानी गर्न सकिनेछ । | (१) कुनै वाणिज्य बैंक वा विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिबेन्चर र ऋणपत्रमा लगानी गर्दा कुल लगानी रकमको बढिमा ५% सम्म वा त्यसरी लगानी गरिने बैंक वा वित्त कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी कुनै एउटै वाणिज्य बैंक, विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिबेन्चर र ऋणपत्रमा लगानी गर्न सकिनेछ । |
| | (२) बित्त कम्पनीको मुद्दती निक्षेप । | (२) कुल लगानी रकमको १०% मा नबढने गरी बित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । | (२) कम्तिमा ५ बर्ष सम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण भएको वित्त कम्पनीको आर्थिक अवस्था हेरी कुल लगानी रकमको बढिमा ३% सम्म र संचालनमा आएको ५ वर्ष नपुगेका वित्त कम्पनीको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा १% सम्म एउटै वित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । |
| | (३) पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर । | (३) कुल लगानी रकमको १०% मा नबढने गरी पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्न सकिनेछ । | (३) कुनै एउटै पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्दा कुल लगानी रकमको २% वा त्यसरी शेयर लगानी गरिने पब्लिक लिमिटेड कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी लगानी गर्न सकिनेछ । |
| | ४) उत्पादनशिल वा राष्ट्रिय महत्वका क्षेत्र । | (४) कुल लगानी रकमको ५% मा नबढने गरी उत्पादनशील वा राष्ट्रिय महत्वका क्षेत्रहरु (जलविद्युत, स्वास्थ्य, शिक्षा, पर्यटन र कृषि) मा आधारित पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी गर्न सकिनेछ । | (४) उत्पादनशील वा राष्ट्रिय महत्वका क्षेत्रहरु (जलविद्युत, स्वास्थ्य, शिक्षा, पर्यटन र कृषि) मा आधारित पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी गर्दा कुल लागनी रकमेको बढिमा ५% सम्म लगानी गर्न सकिनेछ । |

माथि जुनसुकै कुरा लेखिएको भएता पनि बीमकले लगानी गर्दा देहाय वमोजिम हुनेछ :

(१) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र वाहेक बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती निक्षेपमा एक पटकमा बढिमा २ वर्षसम्मको लगानी मात्र गर्न सकिने छ ।

(२) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र उपलब्ध नभएमा सो क्षेत्रमा गर्नुपर्ने लगानीको बाँकी अंश बाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गर्नु पर्नेछ र सोको जानकारी बीमा समितिलाई दिनु पर्नेछ ।

(३) यो लगानी नीति लागू हुनु भन्दा पहिले लगानी भएकोमा यो लगानी नीतिले बाधा पुऱ्याएको मानिने छैन तर त्यस्तो लगानीको अवधी समाप्त भए पश्चात यस लगानी नीति भित्र रहि लगानी गर्नु पर्नेछ ।

(४) प्रत्येक नयाँ लगानी वा लगानी नविकरण गर्दा तोकिएको सिमाहरु पालना भएको हुनुपर्छ ।

(५) कुनै पनि बैंकको कल डिपोजिट वा अन्य ब्याज प्राप्त हुने खातामा रहेको रकमलाई समेत गणना गरी उक्त बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिने रकम निर्धारण गर्नु पर्नेछ ।

(६) नेपाल राष्ट्र बैंकले तोकिएको पूँजी कोष पुगेका बैंक तथा वित्तीय संस्थाहरुमा मात्र लगानी गर्नु पर्नेछ ।

(७) तोकिएको लगानी नीति र प्रतिशत वाहेक अन्य क्षेत्रमा लगानी गर्दा समितिको पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

(८) सामुहिक लगानी कोष अन्तर्गत बिज (सिड) रकममा लगानी गर्दा समितिको पूर्व स्वीकृति लिनु पर्नेछ ।

बीमा समिति-२०४८ Insurance Board-1992

## जीवन बीमा व्यवसाय संचालन गर्ने बीमकहरुको लागि तोकिएको लगानी क्षेत्र र त्यस्तो क्षेत्रमा बीमकहरुले लगानी गर्न सक्ने गरी तोकिएको प्रतिशत

| लगानीको वर्ग | लगानीको क्षेत्र | लगानीको प्रतिशत | कैफियत |
|---|---|---|---|
| 'क' वर्ग | नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र । | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको २५% मा नघट्ने गरि 'क' वर्गमा लगानी गरिएको हुनु पर्नेछ । | |
| 'ख' वर्ग | (१) वाणिज्य बैंकको मुद्दती निक्षेप तथा अल्पकालिन लगानी । | (१) कुल लगानी रकमको ३५% मा नघट्ने गरि बाणिज्य बैंकको मुद्दती निक्षेप तथा अल्पकालिन लगानीमा लगानी गरिएको हुनु पर्नेछ । | (१) कम्तिमा ५ बर्षसम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई घटिमा ३ वर्षसम्म नाफामा रहेको बाणिज्य बैंकमा कुल लगानी रकमको बढिमा १५% सम्म र संचालनमा आएको ५ वर्ष नपुगेका बाणिज्य बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा ५% सम्म एउटै बाणिज्य बैंकको मुद्दती निक्षेप तथा अल्पकालिन लगानीमा लगानी गर्न सकिनेछ । |
| | (२) विकास बैंकको मुद्दती निक्षेप । | (२) कुल लगानी रकमको १५% मा नबढ्ने गरि बिकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । | (१) कम्तिमा ५ बर्षसम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई घटिमा ३ वर्षसम्म नाफामा रहेको विकास बैंकमा कुल लगानी रकमको बढिमा ५% सम्म र संचालनमा आएको पाँच वर्ष नपुगेका विकास बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा २% सम्म एउटै विकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । |
| | (३) नागरिक लगानी कोषको एकाँकी नागरिक लगानी योजना वा सामुहिक लगानी कोषमा गरिएको लगानी । | (३) नागरिक लगानी कोषको एकाँकी नागरिक लगानी योजना वा सामुहिक लगानी कोषमा कुल लगानी रकमको ५% मा नबढ्ने गरि लगानी गर्न सकिनेछ । | |
| (क+ख) | माथि तोकिए बमोजिम । | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको ७०% मा नघट्ने गरि अनिवार्य रुपमा (क+ख) वर्गमा लगानी गर्नु पर्नेछ । | |
| 'ग' वर्ग | (१) वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयरमा (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिबेन्चर र ऋणपत्रहरु । | (१) कुल लगानी रकमको १०% मा नबढ्ने गरि वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिबेन्चर र ऋणपत्रहरुमा लगानी गर्न सकिनेछ । | (१) कुनै वाणिज्य बैंक वा विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिबेन्चर र ऋणपत्रमा लगानी गर्दा कुल लगानी रकमको बढिमा ५% सम्म वा त्यसरी लगानी गरिने बैंक वा वित्त कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी कुनै एउटै वाणिज्य बैंक, विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिबेन्चर र ऋणपत्रमा लगानी गर्न सकिनेछ । |
| | (२) बित्त कम्पनीको मुद्दती निक्षेप । | (२) कुल लगानी रकमको १०% मा नबढ्ने गरी बित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । | (२) कम्तिमा ५ बर्ष सम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण भएको वित्त कम्पनीको आर्थिक अवस्था हेरी कुल लगानी रकमको बढिमा ३% सम्म र संचालनमा आएको ५ वर्ष नपुगेका वित्त कम्पनीको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा १% सम्म एउटै वित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । |
| | (३) पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर । | (३) कुल लगानी रकमको १०% मा नबढ्ने गरी पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्न सकिनेछ । | (३) कुनै पब्लिक लिमिटेड कम्पनी साधारण शेयरमा लगानी गर्दा कुल लगानी रकमको २% वा त्यसरी शेयर लगानी गरिने पब्लिक लिमिटेड कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी लगानी गर्न सकिनेछ । |
| | ४) उत्पादनशिल वा राष्ट्रिय महत्वका क्षेत्र । | (४) कुल लगानी रकमको ५% मा नबढ्ने गरी उत्पादनशील वा राष्ट्रिय महत्वका क्षेत्रहरु (जलविद्युत, स्वास्थ्य, शिक्षा, पर्यटन र कृषि) मा आधारित पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी गर्न सकिनेछ । | (४) उत्पादनशील वा राष्ट्रिय महत्वका क्षेत्रहरु (जलविद्युत, स्वास्थ्य, शिक्षा, पर्यटन र कृषि) मा आधारित पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी गर्दा कुल लागनी रकमेको बढिमा ५% सम्म लगानी गर्न सकिनेछ । |
| | ५) इन्भेष्टमेन्ट कम्पनीको शेयरमा लगानी । | (५) कुल लगानी रकमको २% मा नबढ्ने गरी इन्भेष्टमेन्ट कम्पनीको शेयरमा लगानी गर्न सकिनेछ । | |

माथि जुनसुकै कुरा लेखिएको भएता पनि बीमकले लगानी गर्दा देहाय बमोजिम हुनेछ :

(१) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र उपलब्ध नभएमा सो क्षेत्रमा गर्नुपर्ने लगानीको बाँकी अंश बाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गर्नु पर्नेछ र सोको जानकारी बीमा समितिलाई दिनु पर्नेछ ।

(२) यो लगानी नीति लागू हुनु भन्दा पहिले लगानी भएकोमा यो लगानी नीतिले बाधा पुऱ्याएको मानिने छैन तर त्यस्तो लगानीको अवधी समाप्त भए पश्चात यस लगानी नीति भित्र रहि लगानी गर्नु पर्नेछ ।

(३) प्रत्येक नयाँ लगानी वा लगानी नविकरण गर्दा तोकिएको सिमाहरु पालना भएको हुनुपर्छ ।

(४) कुनै पनि बैंकको कल डिपोजिट वा अन्य ब्याज प्राप्त हुने खातामा रहेको रकमलाई समेत गणना गरी उक्त बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिने रकम निर्धारण गर्नु पर्नेछ ।

(५) नेपाल राष्ट्र बैंकले तोकिएको पूँजी कोष पुगेका बैंक तथा वित्तीय संस्थाहरुमा मात्र लगानी गर्नु पर्नेछ ।

(६) 'ग' वर्गको बुँदा नं. ३, ४ र ५ को हकमा जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको १५% मा नबढ्ने गरी मात्र शेयरमा लगाानी गर्नु पर्नेछ ।

(७) तोकिएको लगानी नीति र प्रतिशत वाहेक अन्य क्षेत्रमा लगानी गर्दा समितिको पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

(८) सामुहिक लगानी कोष अन्तर्गत बिज (सिड) रकममा लगानी गर्दा समितिको पूर्व स्वीकृति लिनु पर्नेछ ।